# Living the LOTUS

Buddhism in Everyday Life

12
2017

VOL. 143




संस्थापकको निबन्ध

## बुद्धको कृपा

यो बर्षको पनि अन्तिम महिना लाग्यो। कमजोर आर्थिक अवस्था, दैबिक प्रकोप्, अनि स्वास्थका समस्यालाई पार गरी "यो बर्ष जस्तो तसो टर्यो" भन्ने मानिसहरु पनि होलान । तर दुख भएको समयलाई कसरी पार गर्ने नै महत्वपुर्ण हुन्छ। बुद्धले हामी सबैलाई "जसरि पनि हेरचार गर्छु" भनेर बचन दिनुभएको छ। त्यो बचनको भरोसा गर्नु पर्दछ।

यो बर्ष तपाईंहरुलाई के कस्तो दुख पिडा भयो र तेसलाई कसरी पार गर्नुभयो त्यो सबै बुद्धले सधै हेरिरहनु भएको हुन्छ। बुद्धले आफ्ना चेलाहरुमा बल छ भन्ने कुरामा बिस्वस्त हुनुहुन्छ।

आफ्नो छोराछोरी हुर्कोस भनेर चाहिने भन्दा बिपरित कुरा हरु दिए जस्तै बुद्धले पनि हामीलाई सबैभन्दा चाहिने कुरा दिइ रहहनु भएको हुन्छ।

मंगल भनेको केहि पनि नहुनु होईन कि जे जस्तो कुरा भए पनि तेसलाई पार गर्ने शक्ती हुनु हो। कठिन समय पार गर्दा यो शक्ती बुद्धले प्रदान गर्नुभएको हो भन्ने बुझ्ने बेला हो।

संस्थापकको निबन्ध ९/३००-३०१ पेज बाट


Living the Lotus
Vol. 143 (December 2017)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्य बिभाग


फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp


प्रमुख सम्पादक: कोइचि साइतो
सम्पादक: एरिको कानाओ
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्य बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो ।हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

*Living the Lotus-Buddhism in Everyday life* (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो ।यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।

*President's Message*

# खाका बनाउने





by Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## "खाका" ले गर्ने काम

जुडो या केन्डो जस्तो खेल अथवा कलात्मक चिजमा आधारभुत हुने कुरालाई "खाका" भनिन्छ।

तर यो कुरा ति कुराहरु बाहेक हाम्रो दैनिकिमा पनि "खाका" भन्ने कुरा धेरै हुन्छन जस्तो लाग्छ।

जस्तो कि समयमा काम गर्ने बिहान अभिबादन गर्ने अनि जुत्ता मिलाउने अनि बोलए पछी हजुर भन्ने कुरा हरु पनि "खाका" हुन। र यि कुराहरु गर्न जरुरी हुन्छ।

यी समान्य गरिने कुराहरुलाई बुद्धधर्ममा " मन बचन र सारीरका काम" भनेर भनिन्छ। भन्नुको अर्थ गरिने काम र शब्द भनेको हाम्रो मनबाट ब्यक्त गरिने चिज हुन।

तर त्यो मन भनेको के हो त ? र कस्तो मनलाई "खाका" बनाउनु महत्वपुर्न हुन्छ त ? सजिलोसँग भन्दा दया र कृपको मन नै हो। दया र कृपालाई "खाका" बनाइ तेसलाई अभ्यास गर्दा हाम्रो दया अझै मनमा गाढा रुपमा बस्नेछ।

बाच्ने तरिकाको कुरा गर्दा बुद्धपथमा हात जोड्ने, बिहान बेलुकाको पुजा पाठ गर्नु पनि महत्वपूर्ण "खाका" नै हो। यस्तो अभ्यास दया, आभारिपन देखाइ "सधै एस्तो मन लिएर बाच्छु" भन्नु महत्वपूर्ण भक्ती हो।

"खाका" प्रष्ट भएमा कहिलेकाही मन भाडिए पनि छिट्टै दया र कृपामा फर्किन सकिने छ। तेसैले "खाका" लाई "बाटो" पनि भन्न सकिन्छ। र त्यो सिधै दया र कृपाका सत्यतमा जोडिन जानेछ।

## “खाका” निस्वार्थको अभ्यास

दया र कृपालाई दैनिकी “खाका” को आधार बनाएर गरिने कुरा “एस्तो नै हुनु पर्छ” भन्ने हुँदैन। यो संसारमा आफु जस्तो अरु हुँदैन र दया र कृपा भएको “खाका” पनि ब्यक्ती अनुसार फरकफरक हुनु प्राकृतिक कुरा हो। सुत्र पाठ र ध्यान गर्दा पनि कम्मर दुख्ने मानिस अरुले जस्तै नगर्न सक्छ। बुद्धधर्ममा “हामी ब्रहमान्डभित्रको एक” भन्ने कुरा छ। आधारभुत रुपमा दया र कृपालाई बिर्शनु हुँदैन।

तेसैले ब्यक्ती पिच्छे “खाका” भए पनि स्वार्थी “खाका” लाई “खाका” भन्न चाही मिल्दैन। खासमा तेस्तो आफ्नो स्वर्थिपनलाई निर्मुल गर्न नै “खाका” बनाउने हो।

परिवार या साथिमा कहिलेकाही एस्को मुख पनि हेर्न मन लाग्दैन भन्ने हुन्छ। तेस्तो कुरा मनमा लिएमा तेस्तो मान्छेसँग भेट भयो भने जस्तो सुकै जे गरे पनि मन अमिलो हुनेछ। तर आफ्नो “खाका” मा सुत्र पाठ या अभिबादन छ भने “मुख पनि हेर्न मन छैन” भन्ने” अहम लाई “खाका” ले लुकाउछ र प्राकृतिक रुपमा “निस्वार्थि” बनिनेछ। त्यो अभिबादनले मध्यस्कर्ताको काम गर्छ र अभिबादन पाउने मान्छे पनि पक्कै रमाउनेछ।

“खाका” सुन्यो भने तेसबाट कुनै परिवर्तन नआउने हो कि जस्तो लाग्छ तर “खाका” मानी “तेस्तै गर्नु” भन्यो भने आफुले केहि नसोची अभ्यास गर्न सकिन्छ र आफै “निस्वर्थि” बन्ने पल हुन जादछ।

हाम्रो होजा र सुत्रपाठ र “पहिला अरु” भन्ने अभ्यास पनि गर्दै गएमा बुद्ध जस्तै दया र कृपालु बन्ने “सुखको सुत्र” नै यो कोसेइ काइको इतिहासलाई जोगाउने महत्वपूर्ण “खाका” हो।

From *Kosei*, December 2016. Translated by Kosei Publishing Co.



# ३ परिक्षाबाट सिकेको वास्तिवक दया

रिश्शो कोसेइ काइ श्री लन्का

*यो प्रवचन २०१७ जुन ४ मा बुद्ध्मुर्ती प्रतिस्थापन समरोहमा गरिएको हो ।*

सबैजना आज्ञा दिनुहोस्

सर्बप्रथम बुद्धमुर्ती प्रतिश्थापन गरिएकोमा धेरै बधाई छ । नमस्ते मेरो नाम दया मादनायके हो ।

मा श्री लन्का दक्षिण-पश्चिममा पर्ने केगल जिल्लाको माक्रा गाउमा जन्मिएको हु । बुवाले धान खेती गर्नुहुन्थ्यो । आमाले बुवालाई सहयोग गर्नुहुन्थ्यो । हामी आलु पनि फलाउथ्यौ । मेरो एक बहिनी र भाई थिए ।

मेरो गाउमा धेरै रुख थियो र हाम्रो आफ्नो घरमा केहि बार पनि थिएन । पौडी, पिङ खेल्ने, अनि आप काजु खोजेर खाने र खेल्ने गर्थ्योउ ।

घरको बगैचामा सानो बुद्धको मुर्ती राखी बिहान बेलुका फुल चढाएर पुजा गर्ने गर्थ्यौं । तेस्तो आस्था र प्रकृतिको बिचमा म हुर्केको थिए । ५ क्लासमा राष्ट्य परिक्षमा पास भएर अझै राम्रो स्कुलमा जाने मौका पाए ।



बुद्ध मुर्ति प्रतिष्थापन समारोहमा प्रवचन गर्दै दयाजी

तेसपछी घर छोडेर होस्टेलमा बस्न थाले । ११ बर्ष सँगइ बसेको घर छोडेर जान म सानो केटीलाई गाह्रो थियो तर बिस्तारै होस्टेलमा बस्ने बानी पर्न थाल्यो । हामी सबैले होस्टेलमा भएको बुद्द मुर्तिमा धुप बाल्ने अनि हरेक पुर्णिमामा मन्दिर गएर ध्यान गर्ने गर्थ्यौं ।

तेस्तो गर्दागर्दै १७ बर्ष लागे त्यो बेलामा स्कुलमा एक सरकारी कर्मचारी आए र उनिसँग मेरो चिनजान भएर पढाई सक्किएको २ बर्षपछी २१ बर्षको उमेरमा मैले बिहे गरे ।

हामी श्रीमानको घर नजिक बस्योउ र उहा जिल्ला शिक्षा कार्यालयमा काम गर्नु हुन्थ्यो र म घरको काम गर्थे । सुखसाथ दिन बितेको थियो । १९७७मा छोरा जन्मियो र तेस्को अर्को बर्ष श्रीमानको कामले हामी पोरोनरुवा जिल्लामा सर्योउ । हामी तीनको नयाँ जिन्दगी सुरु भयो ।

त्यहाँ पहिलो परिक्षाले कुरिरहेको रहेको रहेछ । एकदिन ठुलो आधी आएर घरको छाना उडाएर घर अघिको आपको रुख ढलयो । घर तहसनहस भयो म १ बर्षको छोरालाई तन्नामा बाधेर बाहिर भागे । तुफानले अघी बढ्न गाह्रो थियो तर पनि छोरालाई लिएर भागे । म नजिकको पाउरोटी कारखानमा पुगे त्यहाँ भित्र ८०जना जती बसेका रहेछन । म सहित सबैजना भिजेका थिए र नबसी पानी रोकिन कुरिरहेका थिए । बिहान एसो आफ्नो घर हेर्दा आफ्नो घर कहाँ हो पनि थाहा नपाउने गती थियो । रुख ढलेर मान्छे मरेका पनि थिए । हामिसँग केहि बाकी थिएन तर हामीलाई केहि भएको थिएन तेसैमा धेरै खुशी लागेको थियो । केही बाकी थिएन तर फेरी हामी मिलेर अघी बढ्ने सोच गर्योउ ।

आधिको २ बर्ष पछी १९८०मा बल्ल हामी समान्य

भयोउ तर तेही बेलामा दोस्रो परिक्षा आयो । जुलुसमा भाग लिएको श्रीमानको जागिर गयो ।

जागिर गएको ४ दिन पछी दोस्रो छोराको जन्म भयो । हामीसँग खाली ६५ रुपैया थियो । श्रीमानको तलबले घर चल्ने हुनाले अब केहि नहुने भयो । साथीभाइ, पुजारी सबैजना मिली हामिलाई साहयता गर्नुभयो । सधै यसरी साहयता लिएर चल्दैन थियो र श्रीमानले जागिर कहिले पाउने हो त्यो पनि थाहा थिएन । हामीले जिबिका चलाउन बिभिन्न कामहरु गर्यौं ।

हामीले घरको दुइ कोठा भाडामा दियौ । खाजा बेच्ने,तरकारी लगाएर बेच्ने, अनि कुखुरा पालेर अन्डा बेच्ने पनि गर्यौं । अरुको मेलामा गएर पैसा लिने अनि जस्तो पनि काम गरेर पैसा जम्मा गर्ने गर्यौं । एसो गर्दागर्दै भागय्बस श्रीमानले जिल्ला प्रमुखको कार्यालयमा काम पाउनुभयो । मैले पनि कही काम गरु भनेए सोचेको थिए र तेही कार्यालयमा काम पाए । तेसको २ बर्षपछी तेस्रो छोराको जन्म भयो ।

ठुला २ कष्ट पार गरेर १९९६मा श्रीमानको प्रमोसन भयो र अन्तै काम गर्न थाल्नुभयो । तर काम टाढा भएको हुनाले होला श्रीमानको स्वास्थ बिग्रन थाल्यो । त्यो नै तेस्रो परिक्षा थियो । एकदिन श्रीमान अफिसमा ढल्नुभयो । तेस्पछी श्रीमान धेरै बेशोस हुन थाल्नुभयो । श्रीमानको रोगले हामी सबै सारीरिक र मानसिक रुपमा तनाब हुन थाल्योउ । श्रीमान पनि तेत्तिकै रिसाउने झगडा गर्ने अनि हामीलाई बाहिर निकलने, हाम्रो लुगा सामान बाहिर फाल्ने गर्न थाल्नुभयो ।

मान्छे नै अर्कै भएको हो कि भन्ठान्यो तर कहिलेकाही केहि नभएको जस्तो गरी छोराछोरीसँग खेल्ने, सामान किन्ने अनि पढ्ने पनि गर्नुहुन्थ्यो । एस्तो देखेर हामी सबै छक्क पर्थ्यौं । म त सहन सक्थे तर यो कुराले छोराहरुलाई तनाव भएको थियो भन्ने बुझेको थिए ।

मैल उनिहरुलाई “यो हामी सबै परिवार मिलेर सुल्झाउनु पर्छ” “अहिले तिमीहरुले गर्न सक्ने कुरा भनेको पढेर पास हुने हो” “म बुवाको हेरचार गर्छु” भनेर भन्थे । उनिहरुले मेरो कुरा बुझेर राम्रोसँग पढेर पास पनि भए । म पनि प्रमोसनको जाचमा पास भए । दुखको बेलामा आसु झारे पनि कहिले कही शान्ति मिल्थ्यो ।

तर सन २०००को नयाँ बर्षमा श्रीमानको घरमा रमाइलो गरेर घर फर्किदा श्रीमान बेहोस हुनुभयो र उहा अस्पातलमा बितुभयो । खाली ४९ बर्षको हुनुहुन्थ्यो । ३ महिनाको बरखी पछी मलाई धेरै तनाव भयो र बिरामी परे । अब एसपछी के गर्ने हो भनेर सोच्न थाले र ठुलो निर्णय गरे । “म केटाकेटीको लागि फेरी विवाह गर्दिन” “अझ राम्रो काम  पाउने गरी पढ्छु” भनेर । तेसपछी म कलेज जान थाले । अनि ३० बर्षसम्म र सरकारी कर्मचारी र आमाको दुबैको भूमिका निभाए । मेर छोराहरु पनि राम्रोसँग पढे बिहे गरे र अहिले नाती पनि छन ।

रिटाएर भएपछी कुसुमजी ले गरेर कोसेइ काइमा आए ।

पहिला यहाँ पहेलो बुद्ध मुर्ती र खेलौना जस्तो ऐना देखेर यो के होला “अनी यो कस्तो ठाउँ होला ?” “अली अचम्मको ठाउँमा त आएको होईन ?” भनेर संका लगेको थियो । तर कुसुमजिलाई चिनेको थिए र बिश्वास गर्न सक्छु भन्ने लाग्यो ।

अहिले नगर पालिकाको बुद्धधर्म अनि भिक्षुको लागी काम गर्ने अनि कार्यक्रम गर्न धेरै चोटी प्रमुखको रुपमा भाग लिएको थिए । त्यहाँ मैले कोसेइ काइ को बारेमा जानकारी पाए अनि यो त सरकारमा दर्ता भएको नियम मान्ने संस्था रहेछ भनेर बुझे । यो संस्था सर्बसाधारण बुद्धधर्मलाई दैनिकिमा हुने समस्या पिडाहरु बाडेर हामीहरु कसरी सुखी हुन सक्छौ र कसरी बोधिस्त्व प्राप्त गर्न सक्छौ भनेर काम गर्ने रहेछ । मैले परचा पनि पढे अनि कोलोम्बो बैंककमा हुने सम्मेलनमा भाग लिएर संस्थाको बारेमा अझ धेरै थाहा पाए ।

म अहिले छिमेकि समाजको लिडर भएर होजा गर्ने गरेको छु । त्यहाँ मेरो बुवाआमा छोराछोरी अनि नातेदर र छिमेकिहरुले भाग लिन्छन । रेबरेन्ड र पएस्री बिभाग

प्रमुख पनि कहिलेकाही आउनुहुन्छ । यो होजामा यि कुरहरु गरिन्छ: १ मन्दिर र पुजारिलाई सम्मान गर्ने । २ पुर्णिमामा मन्दिर गएर भक्ती गर्ने । ३ धर्म र आफु एक हो भनेर बुझ्ने । ४ बोधिस्त्व अभ्यास गरी अरुलाई सही पाथमा लाने । ५ आफु भित्र बुद्ध र धर्म छ भनेर बुझ्ने ।

कोसेइ काइबाट सिकेका यि कुराहरुके गर्दा नै मेरो जिवनको ३ कठिन परिक्षाहरु पनि बुद्धले दिएका उपहार हुन भनेर लिएको छु ।

र मैले जिएको जिवन धेरै राम्रो जिवन हो भनेर बुझेको छु । जिवनका अनेक दुखबाट नै दुख पाएका मान्छेलाई बुझ्ने “दया” र दुख सुख बाड्ने “कृपा” लाई बुझ्ने मौक पाएकी हु । यि अनुभवहरुले गर्दा अरुलाई मुक्ती दिलाउन ज्ञान सिके । यि ज्ञानलाई प्रयोग गरी एसपछी पनि आफु अघिका दुख पिडा पाएका मनिसहरुलाई मुक्ती दिलाउने बोधिस्त्व बन्ने छु भनेर आज यहाँ प्रण गर्दछु ।

अन्तमा बुवाआमा अनि श्रीमान तेसपछी छोराहरु जस्ले दुख सुख बाडे उनिहरुप्रती आभार ब्यक्त गर्दछु । बुद्ध अनि सबैजना धेरै धन्यवाद ।



त्रिमनुस्य होजामा आफ्नो अनुभव भन्दै दयाजी (ठिक अघि)

# Living the LOTUS

The Sutra of the Lotus Flower of the Wonderful Dharma
Chapter 3: A Parable

# आगो लागेको घरको उपदेश

एकादेशमा एकजना धनी बुढा ठुलो घरमा बस्थे । उनि त्यो घरमा आफ्नो सन्तान र नोकरहरुसँग बस्थे तर घर चाही धेरै जिर्ण थियो । एक दिन त्यो घरमा आगलागि भयो । केटाकेटी भित्रै खेली रहेका थिए । बुढा बाहिर थिए र ठुलो स्वोरमा कराएर आगो लाग्यो बाहिर आओ भने तर केटाकेटी खेल्नमा मस्त थिए र बौको आवाज सुनेनन ।





बुढाले टेबलमा राखी सबैलाई बाहिर लेराउछु भन्ने सोच राखे तर टेबलबाट उनिहरु खसे भने के गर्ने । फेरी उनले ठुलो स्वरमा कराए तर केटाकेटीहरुले सुनेन । अनि उनिलाई “मैले केहि बुद्धी प्रयोग गर्नु पर्छ” भन्ने लाग्यो । उनले बिभिन्न ठेला हरु छन बाहिर खेल्न आओ भनेर कराए जुन केटाकेटीलाई खेल्न मन लाग्थ्यो ।

खेल्ने कुरा सुन्ने बित्तिकै सबै साघुरो ढोकाबाट बाहिर आए । केटाकेटी सुरक्षित देखेर बुढा धेरै खुशी भए । केटाकेटीले “बा हामीलाई सबै ठेलगाडा दिनुस्” भने र उनले आफुले भने गरे जस्तै सबै ठेलगाडा केटाकेटीलाई दिने बिचार गरे र सबैभन्दा राम्रो सेतो बैलगाडी जो उनले दिन्छु त भनेका थिएन त्यो पनि दिए ।

कथाको पाठ

यो कथाको बुढो भनेको बुद्ध र केटाकेटी भनेका हामी । जिर्ण घर भनेको हाम्रो संसार । आगलागि भनेको हाम्रो दुख पिडा । यो दुख ढिलो चाडो आउने नै छ र हामीलाई थाह हुँदैन किनकी हामी आफ्नो स्वार्थमा तल्लिन हुन्छऔ ।

बुद्धले हाम्रो घरमा आगो लागेको छ भनेर चेतावनी दिनुहुन्छ । घरमा एउटा ढोका हुन्छ जुन धेरै साघुरो हुन्छ ।



त्यो साघुरो ढोकाबाट बाहिर आउन हामीले बुद्धको चाहनालाई बुझ्न पर्ने हुन्छ । एदी बुद्धले हामीलाई टेबलमा राखी सबैलाई एकैसाथ बाहिर लेराउने कोसिस गरेको भए हामी आफ्नो स्वार्थमा डुब्दा हामी बुद्धको दयालु हातबाट खस्ने खतरा हुनेथियो । बुद्धले हाम्रो दुख पिडा सिकाउन खोज्नुहुन्छ तर हामीले बुझ्दैनौ । हामी बुद्धको अनुहार हेर्छौं तर उहाको उपदेशलाई राम्रोसँग सुन्न चाहन्नौ ।

र अनित्ममा बुद्धले हामीलाई ठेलाको खेलौना दिने भन्नुहुन्छ । बुद्धले हामिलाई मन परेको ठेला भन्नुको अर्थ हामिलाई मन पर्ने उपदेश भने पछी मात्र हामीले उहाको कुरा सुन्छौ ।

आगो लागेको घरबाट आफै बाहिर निस्कनु भनेको आफै बुद्धको उपदेश अभ्यास गर्नु हो । तर हामीलाई आगो लागेको घरबाट मुक्ती पाएको बारेमा थाहा हुँदैन । हामीलाई आफुले पाउने खेलौनाको मात्र चासो हुन्छ ।

र जब हामीले त्यो बारेमा भन्छौ उहाले अझै राम्रो जुन हामीले नसोचेको ठुलो सेतो बैलगाडी मतलब बुधत्व प्राप्ती । तेही भएर आफुलाई मन पर्ने बुद्धको उपदेश मानेमा हामी सबैले बुद्धत्व प्राप्त गर्न सक्दछौ ।

बुद्धले हामी सबैलाई आफ्नो छोराछोरी सरह हाम्रो पिडाबाट मुक्त गराउने कोशीस गर्नु हुन्छ । हाम्रो जिन्दगी यो आगो लगेको घर जस्तै दुखी हुन्छ । बुद्धले हामी सबैले बुद्धत्व प्राप्त गर्न सकौ भनेर नै आगो लागेको घरमा पस्नु भएको हो ।

सम्पादन: केन्द्रिय विधा अनुसंधान केन्द्र

# ६ बर्षकोलागि धन्यवाद

म दुख साथ भन्छु कि म रिश्शो कोसेइ काइ अन्तरष्ट्रय बिभाग (RKI) निर्देशकबाट उमेरहदले गर्दा रिटाएर हुँदै छु । मेरो अवदिमा मलाई अमुल्य सहयोग गर्नहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मेरो अवदिमा मलाई धेरै सुख मिल्यो । संसारका बिभ्निन्न ठाउँमा भेट भएका मान्छे र धर्मका कुराहरुलाई म कहिले पनि बिर्सने छैन । म दक्षिण एसियाको निर्देशकको रुपमा बैंकक र बैंकको रेबरेन्ड दुबैको काम गरेको छु । सबैलाई थाहा नै छ कोसेइ काइको शिक्षा अमुल्य र अधभुत छ भनेर । म यि कुराहरु नयाँ ठाउँमा सकेसम्म धेरैलाई सुनाउनेछु । म धेरै उत्सहित छु! अब आउने नयाँ निर्देशक रेबरेन्ड कोइची साइतो हुनुहुन्छ । उहा एकदम काबिल र मेराअ नजिकका मित्र हुन । उनले जापान भित्र र बहिरा धेरै ठाउँम, न्यू योर्कमा कुसल रेबरेन्डको रुपमा काम गरिसकेक चन । उनि मन र तन दुबैमा बिशाल छन ।

उनको कार्यकालमा यो शिक्षा अझै फराकिलो हुन्छ भन्ने बिश्वास गरेको छु । सबैजना आफ्नो ख्याल राख्नु होला र हामी रहेसम्म यो धर्मलाई धेरै भन्दा धेरै मनिससम्म पुराउने कोसिस गरौ । अन्तमा फेरी एकपटक सबैजना धन्यवाद!



*साइतोजि देब्रे र मिज़ुतानिजी दाहिने*




## नमस्ते: तपाइहरुसँग काम गर्न उत्सुक छु!

मेरो संक्षिप्त जिवनि

१९५७ टोक्योमा जन्म । १९८२मा कोसेइ काइको गाकुरिन म पढी शान्तिको लागि धर्म अफिसमा काम । तेसपछी मुख्य अफिसमा अन्तर-धर्म संबादका लागि १२ बर्ष काम । त्यो बेलामा अन्तराष्ट्रिय धर्मको स्वतन्त्रता सँगठन फ्रानक्फर्ट अफिसमा काम । १९९८ देखी धर्म प्रचारका लागि मुख्य निर्देशक बनी जापान भित्र र बाहिर काम । २०१७ डिसेम्बर १ देखी यहाँको अन्तराष्ट्रिय बिभाग प्रमुख ।

मेरो नाम कोइची साइतो हो र म रिश्शो कोसेइ काइ अन्तराष्ट्रिय बिभागको नयाँ निर्देशक भएको छु । मेरो छोरा पनि गतमहिनसम्म अन्तराष्ट्रिय प्रचार बिभागमा काम गर्दै थियो । हमी दुबै मिली बिदेशमा धर्मको सन्देश पुराउने कोशीश गर्ने छौ ।

१६ बर्षसम्म धर्म संबादको काम गरी निगातको सिबारा (अहिलेको शिबता), न्यु योर्क, सुमिदा र हिरोशिमाको रेबरेन्ड भए । रेबरेन्डको १९ बर्षको अबधिमा युद्धमा मारिएकाहरुको आत्माशान्ति र शान्ति निर्माण भनेको धेरै महत्वपुर्ण कुरा हो भनेर बुझे ।

भाग्यबस संस्थापकले मलाई अराउनुभएको "रिश्शो कोसेइ काइको जग बनेर सद्धर्म पुन्डरिकलाई संसारमा फैलौने काम पाएको छु र अझै फैलौने कोशीस गर्ने छु ।

अबको आउने युगकालागि बोधिस्त्व बनाउने जुन रिश्शो कोसेइ काइको लक्ष्य हो त्यो प्राप्तीको लागी नयाँ जनशक्ती बनाउन हामिसँगइ काम गरौ ।




RISSHO KOSEI-KAI INTERNATIONAL BRANCHES

We welcome comments on our newsletter *Living the Lotus*: living.the.lotus.rk-international@kosei-kai.or.jp

Rissho Kosei-kai

# Overseas Dharma Centers 2017

**Rissho Kosei-kai International**
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1124 *Fax:* 81-3-5341-1224

**Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First Street Suite #1 Los Angeles CA 90033 U.S.A
*Tel:* 1-323-262-4430 *Fax:* 1-323-262-4437
*e-mail:* info@rkina.org http://www.rkina.org

**Branch under RKINA**

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way,
WA 98003 U.S.A.
*Tel:* 1-253-945-0024 *Fax:* 1-253-945-0261
e-mail: rkseattlewashington@gmail.com
http://buddhistlearningcenter.org/

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
6083 Babcock Road, San Antonio, TX 78240, U.S.A.
P.O. Box 692148, San Antonio, TX78269, USA
*Tel:* 1-210-561-7991 *Fax:* 1-210-696-7745
*e-mail:* dharmasanantonio@gmail.com
http://www.rkina.org/sanantonio.html

**Rissho Kosei-kai of Tampa Bay**
2470 Nursery Road, Clearwater, FL 33764, U.S.A.
*Tel*: (727) 560-2927 *e-mail*: rktampabay@yahoo.com
http://www.buddhismtampabay.org/

**Rissho Kosei-kai of Vancouver**

**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, U.S.A.
*Tel:* 1-808-455-3212 *Fax:* 1-808-455-4633
*e-mail:* info@rkhawaii.org http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1817 Nani Street, Wailuku, HI 96793, U.S.A.
*Tel:* 1-808-242-6175 *Fax:* 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona,
HI 96740 U.S.A.
*Tel:* 1-808-325-0015 *Fax:* 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, U.S.A.
*Tel:* 1-323-269-4741 *Fax:* 1-323-269-4567
*e-mail:* rk-la@sbcglobal.net http://www.rkina.org/losangeles.html

**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
1031 Valencia Way, Pacifica, CA 94044, U.S.A.
*Tel:* 1-650-359-6951 *Fax:* 1-650-359-6437
*e-mail:* info@rksf.org http://www.rksf.org

**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016 U.S.A.
*Tel:* 1-212-867-5677 *Fax:* 1-212-697-6499
*e-mail:* rkny39@gmail.com http://rk-ny.org/

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056 U.S.A.
*Tel :* 1-773-842-5654 *e-mail:* murakami4838@aol.com
http://home.earthlink.net/~rkchi/

**Rissho Kosei-kai of Fort Myers**
http://www.rkftmyersbuddhism.org/

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
2745 N.W. 40th Street, Oklahoma City, OK 73112 U.S.A.
*Tel & Fax:* 1-405-943-5030
*e-mail:* rkokdc@gmail.com http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai, Dharma Center of Denver**
1255 Galapago Street, #809 Denver, CO 80204 U.S.A.
*Tel:* 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
425 Patterson Road, Dayton, OH 45419 U.S.A.
http://www.rkina-dayton.com/

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP,
CEP 04116-060 Brasil
*Tel:* 55-11-5549-4446 / 55-11-5573-8377
*Fax:* 55-11-5549-4304
*e-mail:* risho@terra.com.br http://www.rkk.org.br

**Risho Kossei-kai de Mogi das Cruzes**
Av. Ipiranga 1575-Ap 1, Mogi das Cruzes-SP,
CEP 08730-000 Brasil
*Tel:* 55-11-5549-4446/55-11-5573-8377

**Rissho Kosei-kai of Taipei**
4F, No. 10 Hengyang Road, Jhongjheng District,
Taipei City 100 Taiwan
*Tel:* 886-2-2381-1632 *Fax:* 886-2-2331-3433
http://kosei-kai.blogspot.com/

**Rissho Kosei-kai of Pingtung**

**Rissho Kosei-kai of Tainan**
No. 45, Chongming 23rd Street, East District,
Tainan City 701 Taiwan
*Tel:* 886-6-289-1478 *Fax:* 886-6-289-1488

**Rissho Kosei-kai of Taichung**

**Korean Rissho Kosei-kai**
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
*Tel:* 82-2-796-5571 *Fax:* 82-2-796-1696
*e-mail:* krkk1125@hotmail.com

**Korean Rissho Kosei-kai of Busan**
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
*Tel:* 82-51-643-5571 *Fax:* 82-51-643-5572

**Branches under the Headquarters**

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road,
North Point, Hong Kong, Republic of China

**Rissho Kosei-kai of Ulaanbaatar**
15F Express tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
*Tel:* 976-70006960 *e-mail:* rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Sakhalin**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk
693005, Russian Federation
*Tel & Fax:* 7-4242-77-05-14

**Rissho Kosei-kai di Roma**
Via Torino, 29-00184 Roma, Italia
*Tel & Fax :* 39-06-48913949 *e-mail:* roma@rk-euro.org

**Rissho Kosei-kai of the UK**
**Rissho Kosei-kai of Venezia**
**Rissho Kosei-kai of Paris**

**International Buddhist Congregation (IBC)**
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1230 *Fax:* 81-3-5341-1224
*e-mail:* ibcrk@kosei-kai.or.jp http://www.ibc-rk.org/

**Rissho Kosei-kai of South Asia Division**
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1124 *Fax:* 81-3-5341-1224

**Rissho Kosei-kai International of South Asia (RKISA)**
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel*: 66-2-716-8141 *Fax*: 66-2-716-8218
*e-mail*: thairissho@csloxinfo.com

**Branches under the South Asia Division**

**Rissho Kosei-kai of Central Delhi**
224 Site No.1, Shankar Road, New Rajinder Nagar, New Delhi,
110060, India

**Rissho Kosei-kai of West Delhi**
66D, Sector-6, DDA-Flats, Dwarka, New Delhi 110075, India

**Rissho Kosei-kai of Kolkata**
E-243 B. P. Township, P. O. Panchasayar, Kolkata 700094, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road
Rumpur, Gaya-823001, Bihar, India

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsilhel, Sancepa-1, Lalitpur,
Kathmandu, Nepal

**Rissho Kosei-kai of Phnom Penh**
#201E2, St 128, Sangkat Mittapheap, Khan 7 Makara,
Phnom Penh, Cambodia

**Rissho Kosei-kai of Patna Dharma Center**
**Rissho Kosei-kai of Singapore**

**Thai Rissho Friendship Foundation**
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel:* 66-2-716-8141 *Fax:* 66-2-716-8218 *e-mail:* info.thairissho@gmail.com

**Rissho Kosei-kai of Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
*Tel & Fax:* 880-31-626575

**Rissho Kosei-kai of Dhaka**
House#408/8, Road#7(West), D.O.H.S Baridhara,
Dhaka Cant.-1206, Bangladesh
*Tel:* 880-2-8413855

**Rissho Kosei-kai of Mayani**
Mayani(Barua Para), Post Office: Abutorab, Police Station: Mirshari,
District: Chittagong, Bangladesh

**Rissho Kosei-kai of Patiya**
Patiya, sadar, Patiya, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Domdama**
Domdama, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Cox's Bazar**
Ume Burmese Market, Main Road Teck Para, Cox'sbazar, Bangladesh

**Rissho Kosei-kai of Satbaria**
Satbaria, Hajirpara, Chandanish, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Laksham**
Dupchar (West Para), Bhora Jatgat pur, Laksham, Comilla,
Bangladesh

**Rissho Kosei-kai of Raozan**
West Raozan, Ramjan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Chendirpuni**
Chendirpuni, Adhunagor, Lohagara, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Ramu**

**Rissho Kosei Dhamma Foundation, Sri Lanka**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
*Tel:* 94-11-2982406 *Fax*: 94-11-2982405

**Rissho Kosei-kai of Habarana**
151, Damulla Road, Habarana, Sri Lanka

**Rissho Kosei-kai of Polonnaruwa**

**Other Groups**
**Rissho Kosei-kai Friends in Shanghai**